नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
# सार्वजनिक खरिद अनुगमन कार्यालय
ताहाचल, काठमाडौं, नेपाल

पत्र सं.: ०७७/७८
च.नं. १२००

मिति : २०७८/१/१६

## विद्युतीय खरिद प्रणाली प्रयोगकर्ताहरुका लागि अत्यन्त जरुरी सूचना

विश्वभर फैलिँदै गइरहेको नयाँ भेरियन्ट सहितको कोभिड–१९ को सङ्क्रमण नेपालमा बढ्दै गएको सन्दर्भमा सोको रोकथाप, नियन्त्रण तथा उपचार सम्बन्धमा मिति २०७८/०१/१३ मा नेपाल सरकार, मन्त्रिपरिषद्‌बाट निर्णय भए बमोजिम सार्वजनिक कार्यालयमा अनावश्यक भीडभाड हुन नदिन नेपाल सरकारबाट जारी निषेधाज्ञा अवधिभर सार्वजनिक निकाय, बोलपत्रदाता एवं बैंक तथा वित्तिय संस्थाका विद्युतीय खरिद प्रणाली प्रयोगकर्ताहरुलाई निम्न विषयहरुमा यस कार्यालयको सहजीकरण आवश्यक भएको खण्डमा विद्युतीय माध्यम मार्फत ppmoit@gmail.com मा पत्राचार गरी सेवा प्राप्त गर्न सकिने व्यहोरा जानकारीको लागि अनुरोध छ।

| क्र.सं | विषय | आवश्यक कागजातहरु | थप जानकारीहरु |
|---|---|---|---|
| १ | **बोलपत्र/प्रस्ताव/दरभाउपत्र/पूर्वयोग्यता सम्बन्धी सूचनाको म्याद थप सम्बन्धमा** | म्याद थप गर्नुपर्ने कारण सहित सार्वजनिक निकायको निर्णयको प्रतिलिपी । | • म्याद थपको पत्रमा बोलपत्र/प्रस्ताव/दरभाउपत्र/पूर्वयोग्यताको IFB/RFP/SQ/PQ Number तथा सशोधन गर्नुपर्ने बोलपत्र पेश गर्ने अन्तिम मिति समय र खोल्ने मिति समय खुलाई पठाउनुपर्ने ।<br>• प्रणालीबाट addendum हुन नसकेको अवस्थामा मात्रै सहजीकरण हुने ।<br>• प्रणालीमा बोलपत्र/प्रस्ताव/दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय नाघिसकेपछि प्राप्त पत्रको कारवाही नहुने । |
| २ | **विशेष परिस्थितिमा खरिद प्रकृयाको म्याद घटाउने सम्बन्धमा** | • खरिदको विवरण तथा विशेष परिस्थितिको कारण खुलाइएको पत्र<br>• संघस्तरीय कार्यालयको हकमा मन्त्रालयस्तरको निर्णयको प्रतिलिपी वा पत्र | • बोलपत्र पेश गर्ने अन्तिम मिति भन्दा १ दिन अगावै इमेल/पत्राचार मार्फत प्राप्त पत्रको मात्रै सहजीकरण हुने ।<br>• अन्तिम मिति र समय सकिनु अगावै यस कार्यालयमा सम्पर्क गरी म्याद घटाईसक्नुपर्ने । |

Office Tel No. 01-4030518
Fax No. 01-4030642
Website: www.ppmo.gov.np
Email: info@ppmo.gov.np
"निजामती सेवाको मान्यताःअनुशासन,इमान्दारी र नैतिकता"

पत्र सं.: ०७७/७८
च.नं. १२००

| | | | |
|---|---|---|---|
| | | • प्रदेशस्तरीय कार्यालयको हकमा प्रदेश मन्त्रालयस्तरको निर्णयको प्रतिलिपी वा पत्र<br>• स्थानीय तहको हकमा कार्यपालिकाको निर्णय प्रतिलिपी वा पत्र | • बोलपत्र प्रकाशित भएपछि नयाँ बोलपत्र पेश गर्ने र खोल्ने मिति समय तथा IFB number प्रष्ट खुलाई पठाउनुपर्ने । |
| ३ | प्राविधिक प्रस्ताव मूल्याङ्कनको पुनरावलोकन सम्बन्धमा | बोलपत्रदाताले पेश गर्ने निवेदनको प्रतिलिपी सहित पुनरावलोकन गर्नुपर्ने कारण तथा कानूनी आधार एवं यस कार्यालयले प्रणालीमा पुन:मूल्याङ्कन वा आर्थिक प्रस्ताव खोल्ने व्यवस्था के गर्नुपर्ने हो प्रष्ट खुल्ने पत्र । | • आर्थिक प्रस्ताव खोल्ने मिति र समय नाघि आर्थिक प्रस्ताव खोलिसकेको पश्चात प्राप्त पत्रमाथि कुनै कार्वाही नहुने<br>• कार्यालयको निवेदन अनुसार कार्य भएको/नभएको एकिन गर्न कार्यालय स्वयंमले helpdesk मा फोन सम्पर्क वा इमेल मार्फत जानकारी लिनुपर्ने ।<br>• online template मा पुनरावलोकन गर्दा online पुन: मूल्याङ्कन गर्ने निर्णय पत्रमा खुलाई पठाउनुपर्ने तथा uploadable मा त्रुटि सच्याउने विषय खुलाई पठाए पुग्ने । |
| ४ | दोश्रो पटकको सिलबन्दी दरभाउपत्रको सूचनामा डाउनलोड नभएको सन्दर्भमा | पहिलो र दोश्रो पटक प्रकाशित सूचनाको प्रतिलिपी तथा दरभाउपत्रको विवरण तथा कार्यालयको आधिकारिक इमेल विवरण खुल्ने पत्र । | • पहिलो पटकको सूचनामा प्रणालीबाटै कम्तिमा ३ वटा दरभाउपत्र पेश नभएमा डाउनलोड नहुने ।<br>• हार्डकपी सहित ३ वटा पेश भएमा प्रणालीमा हार्डकपीको संख्या उल्लेख गरेर डाउनलोड गर्न सकिने । तर एक पटक मात्र उक्त संख्या राख्न दिने व्यवस्था भएको । |
| ५ | **Re-bid मा म्याद घटाउने सम्बन्धमा** | सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४ अनुसारको Re-bid गर्नुपर्ने कारण खुलाइएको निर्णयको प्रतिलिपी सहित सार्वजनिक निकायको पत्र । | • प्रणालीमा सूचना प्रकाशित भएपश्चात मात्रै सहजीकरण हुने ।<br>• बोलपत्र प्रकाशित भई ५ दिनभित्र प्राप्त पत्रमा मात्रै कार्वाही हुने । |

पत्र सं.: ०७७/७८
च.नं. १२०७

| | | | |
|---|---|---|---|
| ६ | **e-GP** मा नयाँ कार्यालय दर्ता | e-GP registration form सहित कार्यालयको लेटरप्याडमा लेखिएको पत्र । | • इमेल मार्फत पत्र प्राप्त भएपछि प्रणाली व्यवस्थापकले registration लिंक उपलब्ध गराउने ।<br>• Registration स्वीकृतार्थ लागि टेलिफोन मार्फत प्रणाली व्यवस्थापकलाई सम्पर्क गर्ने । |
| ७ | नयाँ बोलपत्रदाता दर्ता | प्रणालीमा तोकिएका कागजातहरु सहित अनलाईन दर्ता गर्ने । | बोलपत्रदाताले प्रणालीबाट प्राप्त बोलपत्र दर्ता को लिंक activate गरेको २ कार्यदिनमा प्रणाली व्यवस्थापकले approve गर्नसक्ने । |
| ८ | अन्य प्राविधिक समस्या | ppmoit@gmail.com मा इमेल गर्ने वा helpdesk को सम्पर्क व्यक्तिहरुलाई टेलिफोन मार्फत सम्पर्क गर्ने । | बोलपत्र पेश तथा प्रकाशन सम्बन्धी समस्या तोकिएको समय अगावै प्राविधिक सहयोग लिई समाधान गरिसक्नुपर्ने । |

.................................
अमोद उलक
कम्प्युटर इन्जिनियर